स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रङ्गमञ्च र फिल्मको पर्दामा अभिनय मार्फत दर्शकको मन जित्न सफल अभिनेता विजय बराल गायकको रूपमा देखिएका छन् । उनले 'विधिको शासन' बोलको गीत मार्फत गायनमा डेब्यु गरेका हुन् । गीत केवल मनोरञ्जनका लागि मात्र नभई वर्तमान राजनीतिक 'ध्वनि'को रूपमा ल्याइएको छ । सौरभ कार्कीको शब्द र प्रशान्त सिवाकोटीको सङ्गीत रहेको गीतले देशको समसामयिक राजनीतिक अवस्थालाई चित्रण गरेको छ ।

आजको विचार...



नेपालमा...
(दुई पेजमा)

डा. जगन कार्की

माघे संक्रान्तिको दिन तीन चर्चित कलाकारका फिल्मबीच बक्स अफिसमा प्रतिस्पर्धा भएको थियो । सो मितिमा दयाहाङ राई अभिनीत 'मिरमिरे', सौगात मल्ल अभिनीत 'भाइरल गोर्खे' र मरिचमान श्रेष्ठ 'बल्छी धुर्वे' अभिनीत तथा निर्देशित फिल्म 'गोबर गणेश' एकैसाथ प्रदर्शनमा आएका थिए । तर, यी तीनवटै फिल्म अपेक्षित रूपमा व्यापार गर्न असफल भएका छन् । कहलिएका दयाहाङ र सौगातको फिल्ममाथि घरेलु बक्स अफिसमा 'बल्छी धुर्वे'को फिल्म हाबी देखिएको छ ।



❒ वर्ष ३१ अंक १८० ❒ २०८२ माघ १३ गते मंगलबार 27 January 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# आचारसंहिता कार्यान्वयनमा कडाई

## उल्लंघन गर्नेलाई धमाधम स्पष्टीकरण

**हाम्रा संवाददाता**

**पाल्पा,** माघ १२/ आसन्न प्रतिनिधि सभाको निर्वाचन मिति नजिकिएसँगै आचारसंहिता उल्लङ्घनका घटनाहरु समेत बढ्न थालेका छन् । माहोल तात्ने क्रमसँगै 'जसरी पनि चुनाव जित्ने' रणनीतिमा रहेका दल तथा तिनका उम्मेदवारहरू आचारसंहिता प्रतिकूल प्रस्तुत हुँदै जान थालेपछि निर्वाचन आयोगले भने आचारसंहिता कार्यान्वयनमा कडाई गर्न थालेको छ ।चुनावी प्रतिस्पर्धामा सामेल दलहरूलाई स्वस्थ मैदान तयार गर्न लागू भएको आचारसंहिताको उल्लंघन बढ्नुले भयावह रूप लिन सक्ने खतरालाई मध्यनजर गर्दै आयोगले आचरसंहितामा कडाई गर्न थालेको हो ।



निर्वाचन कानुन र आचारसंहिताले आयोगलाई निर्वाचनको निष्पक्षतामा आँच पुऱ्याउने कार्य गर्ने दल, उम्मेदवार, सरकारी अधिकारीलाई तत्कालै कारबाही गर्न सक्ने अधिकार दिएको छ । सो अधिकारलाई आयोगले कडाईका साथ कार्यान्वयन गर्न थालेको पाइन्छ । आयोगले निर्वाचन आचारसंहिता, २०८२ उल्लैन गर्ने राजनीतिक दल, उम्मेदवार, सरकारका पदाधिकारी र गैह्रसरकारी संस्थालाई स्पष्टीकरण मागेको छ । यही माघ ४ गते राति १२ बजे निर्वाचन आचारसंहिता लागू भएदेखि माघ ११ गतेसम्म आठवटा स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिए । आयोगले काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रहेका वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई माघ ७ गते स्पष्टीकरण सोधेको थियो । दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरे पनि हालसम्म जवाफ प्राप्त नभएको उनले बताए । यस्तै दोलखा जिल्ला निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार जगदीश खरेललाई पनि आचारसंहिता उल्लङ्घन गरेको भन्दै आयोगलदे स्पष्टीकरण मागेको छ । माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरिएको थियो । हालसम्म स्पष्टीकरण माग गरिएका आठ जनामध्ये खरेलले मात्र स्पष्टीकरण पेस गरेको आयोगले जनाएको छ । खरेलले गल्ती, कमीकमजोरी भएको भए सुधार गर्ने भनी पेस गरेको स्पष्टीकरण चित्तबुझ्दो भएकाले अब गल्ती, कमी कमजोरी नगर्ने गरी सचेत गराइएको आयोगले जनाएको छ । यस्तै आयोगले सामाजिक सञ्जालबाट हुने निर्वाचन आचारसंहिता उल्लैनको नियमनलाई समेत कडाई गरेको छ । निर्वाचनका समयमा प्रवाह हुने मिथ्या, भ्रामक सूचना, घृणास्पद अभिव्यक्ति निरुत्साहित र नियन्त्रण गर्न प्रभावकारी अनुगमन गरिएको आयोगले जनाएको छ । एआईलगायत प्रविधिको प्रयोग गरेर सामाजिक सञ्जालका माध्यमबाट विपक्षीको चरित्र हत्या र नागरिकमाझ भ्रामक सूचना प्रसार गर्ने क्रम बढेको छ । हानिकारक सूचनाअन्तर्गत पर्ने गलत, भ्रामक सूचना र गाली गलौजयुक्त अभिव्यक्तिले निर्वाचनको स्वच्छता र निष्पक्षतामा नकारात्मक असर पार्ने भएकाले त्यस्ता सूचनालाई नियन्त्रण तथा नियमनका लागि पहल भइरहेको छ । यसका लागि नियामक निकायसँग समन्वय र सहजीकरण गर्न आयोगले स्थापना गरेको सूचना सदाचार प्रवर्द्धन एकाइ पूर्ण रूपमा क्रियाशील रहेको जनाइएको छ ।

### संक्षिप्त समाचार

## अमेरिकामा आँधीका कारण १० को मृत्यु

(रासस/एएफपी)

**वाशिङ्टन,** माघ १२/संयुक्त राज्य अमेरिकाका विभिन्न भागहरूमा आएको एक भयानक आँधीले कम्तिमा १० जनाको ज्यान लिएको छ । आँधीका कारण सार्वजनिक यातायात सेवा, उडान सेवा रद्द र बिजुली कटौती भएको छ । आँधीको असर सोमबारसम्म अत्यधिक देखिने बताइएको छ । आँधीबेहरीसँगै परेको व्यापक हिम बर्षाले देशका अधिकांश भूभाग प्रभावित भएको भन्दै आर्कटिक हावाको प्रभाव धेरै दिनसम्म रहँदा सामान्य जनजीवन लामो समय (केही दिन) सम्म प्रभावित हुनसक्ने बताइएको छ । अमेरिकी राष्ट्रिय मौसम सेवा (एनडब्ल्यूएस) ले अमेरिकीहरूलाई सोमबार बिहानसम्म मौसममा कुनै सुधार नआउने बताएको छ । न्यूयोर्कका मेयर जोहरान ममदानीले सप्ताहन्तमा चिसो तापक्रमबीच पाँच जना मृत फेला परेको बताएका छन् । टेक्सासमा हिउमा चिप्लिएर खेल्ने खेल (स्लेजिङ) दुर्घटनामा एक १६ वर्षीया किशोरीको मृत्यु भएको अधिकारीहरूले पुष्टि गरेका छन् । का कारण दुई जनाको मृत्यु भएको यहाँको स्वास्थ्य विभागले जनाएको छ ।



## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

-आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
-आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
-नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
-आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
-सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
-सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
-जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
-सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
-अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,
-सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## 'गोल घर' संरक्षण गर्दै उद्योग वाणिज्य सङ्घ

**वालिङ (स्याङ्जा),** माघ १२/पछिल्ला वर्षहरुमा गाउँ तथा सहरमा पक्की घर बन्दै गएका छन् । केही वर्षअघिसम्म विशेष गरी सहर बजारमा पक्की आधुनिक घर बन्ने गरे पनि पछिल्ला वर्षमा गाउँ गाउँमा पनि पुराना घर भत्काएर नयाँ पक्की घर बनाउने क्रम बढ्दो छ । बजार तथा गाउँ-गाउँमा पक्की घर बन्नेक्रम बढ्दै गएपछि पुराना र लोप हुनलागेका वस्तुको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले वालिङ उद्योग वाणिज्य सैले महोत्सवस्थलमा लोपोन्मुख घुमाउने (कुडुले) घर निर्माण गरेको वालिङ उद्योग वाणिज्य सैका अध्यक्ष चेतनारायण श्रेष्ठले बताए ।



"पुरानो पुस्ता गोल घरकाबारेमा जानकार छन्, कतिपय बसेकै पनि होलान" उनले भने, "समयको विकास र आधुनिकतासँगै पछिल्ला पुस्ताले यसप्रकारका घर देखेका छैनन्, हाम्रो परम्पराको संरक्षण र जगेर्ना गर्दै नयाँ पुस्तालाई पुरानो कलासंस्कृति तथा परम्पराकाबारेमा जानकारी दिनका लागि गोल घर निर्माण गरेका हौँ ।" बाँस, खर, काठ, माटोको प्रयोग गरेर बनाइएको उक्त गोल घर नवौँ वालिङ महोत्सवको मुख्य आकर्षणकोरुपमा रहने भएको हो । खरले छाएका घर हराउँदै गएका बेला एकदमै पुरानो गाउँले परिवेशलाई झल्काउने उद्देश्यसहित गोल घर निर्माण गरिएको उनले बताए । गाउँ-गाउँमा पुरानो गोल घर हराएर गएकाले महोत्सवस्थलमा आउने दर्शकहरुको अवलोकनका लागि गोल घर (कुडुले) घर निर्माण गरिएको वालिङ उद्योग वाणिज्य सैका सहकोषाध्यक्ष एवम् गोलघर निर्माण उपसमितिका संयोजक केशव पराजुलीले बताए । खरले छाएको गोलघर दुई तलाको रहने छ । घरको छानो र पाली खरैखरले छाएको छ । "कुडुले घरभित्र विशेष गरी हाम्रा पुराना पुस्ताले प्रयोग गर्दै आएका सामग्री राखिने छ" उनले भने, "घरमा पुरानो जीवनशैलीलाई झल्को दिने खालका जातो, ढिकी, हलो जुवा, ठेको, छानामा फर्सी, कुभिण्डोलगायतका सामग्री राखेर सजाइने छ ।" घरको भित्तोलाई रातो र सेतो माटोले लपक्क लिपेर आकर्षक बनाइएको छ । घरभित्र, पिँढी तथा आँगनमा गोबर माटोले लिपिएको छ । वालिङ उद्योग वाणिज्य सैले महोत्सवलाई लक्षित गरेर निर्माण गरेको गोल घरलाई महोत्सवपछि पनि संरक्षण गरेर राख्ने जनाएको छ । विसं २०६३ बाट प्रत्येक दुई/दुईवर्षमा वालिङ महोत्सव हुँदै आएको छ । यो नवौँ संस्करणको महोत्सव माघ १४ गतेदेखि २५ गतेसम्म सञ्चालन हुने भएको हो । महोत्सवको तयारी पूरा भएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ 	पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## कुष्ठरोगीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरौं

७३ औं विश्व कुष्ठरोग दिवस आइतबार नेपालमा पनि मनाइएको छ । यो १९५४ बाट मनाउन थालिएको हो । हरेक वर्ष जनवरी महिनाको अन्तिम आइतबार यो दिवस मनाउने गरिन्छ । विश्वभर कुष्ठरोगको निवारण, न्यूनीकरण तथा प्रभावितप्रति हुने भेदभाव नियन्त्रण गर्ने प्रयास भएको छ । तर दिवस मनाउन थालेको यतिका वर्ष हुँदासम्म अझै पनि कुष्ठरोगीहरुप्रति गरिने भेदभावमा भने कमी आउन सकेको छैन । कुष्ठरोगीहरुलाई आफन्तबाट नै विभेद गरिएको छ । यो अत्यन्त दुःखको कुरा हो ।

कुष्ठरोगीसँग भेदभाव नगरौं, 'कुष्ठरोगीलाई माया गरौं, कुष्ठरोगीप्रति हुने भेदभाव अन्त्य गरौं भन्ने नारा बर्षौंदेखि सुन्दै आएका छौं तर कुष्ठ रोगीप्रति अहिलेपनि हेयको दृष्टिले हेर्ने परम्परा कायमै हुनु भनेको दिवसको प्रभावकारिता हुन नसक्नु नै हो । वास्तवमा अबव कुष्ठरोगलाई परास्त गर्नैपर्नेछ । दिवसका अवसरमा आयोजना हुने कार्यक्रमले कुष्ठरोगसम्बन्धी भ्रमजन्य परम्परागत मान्यता तोड्न यो दिवसले पनि महत्वपूर्ण काम गर्छ । अझ नयाँ पुस्ताले कुरीतिजन्य सवालका मामलामा प्रतिवाद गर्नुपर्छ । सरकारले पनि 'कुष्ठरोग मुक्त समाज' घोषणा गरिसकेको छ । नेपालबाट कुष्ठ रोग नियन्त्रण हुँदै गएको भनिएपनि छिटफुटरूपमा देखापर्नु चुनौतिकै विषय हो । पुर्खौंदेखि चलिआएको यो रोगले नेपाली समाजलाई नराम्रोसंग जरा गाडेको छ । सामाजिक कुरीति र मान्यताहरूका कारण अझैपनि कुष्ठ रोगीहरूलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । त्यही कारण कुष्ठ रोगीहरू समाजमा अन्तरघुलित हुन सकिरहेका छैनन् । समयै रोगको पहिचान गरी औषधि उपचार गरे निको हुने रोग भए पनि धेरैले यसलाई वेवास्ता गर्ने गरेका छन् । हाम्रो नेपाली समाजलले अझै पनि यो रोगलाई पूर्वजन्मको पाप भएको भन्दै अपमान गर्ने गर्दछन् । यो पूर्व जन्मको पाप होइन, एक किसिमको रोग मात्र हो । जुन औषधि उपचार गरे निको हुन्छ ।

रोग निवारणमा सरकारले प्राथमिकता नदिँदा संसारकै सबैभन्दा पुरानो मानिएको यो रोगका बिरामी घट्नुको साटो बढिरहेका छन् । यो आफैमा दुःखद् हो । नेपालमा कुष्ठरोगको कारण अपांगता, असहाय तथा विपन्न भएकालाई समुचित व्यवस्थापन गर्दै जान सकिएको छैन । कुष्ठरोग समयमै पत्ता लगाई उपचार गरेमा कुरूप तथा अङ्गभङ्ग हुनबाट जोगिनुका साथै रोग निको हुनेमा सन्देह छैन । तसर्थ आमनागरिकहरुमा कुष्ठरोगीहरुप्रति सम्मान र औषधि उपचार गरे निको हुन्छ भन्ने चेतना जगाउन जरुरी छ ।

### Opinion @ Socia Network

संम्झेका मनहरु सबै आफ्ना हुदैनन्
बिर्सेका मनहरु सबै पराइ हुदैनन !
*(सुमन हमालको **फेसबुक स्टाटसबाट** www.facebook.com/Suman.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा रणनीतिक मतदान किन जरूरी छ ?



डा. जगन कार्की

*नेपालले तीन दशकभन्दा बढी समयदेखि बहुदलीय लोकतन्त्रको अभ्यास गर्दै आएको छ । तर यथार्थ के हो भने, लोकतन्त्र दलको झण्डामै सीमित रहँदै आएको छ । दलहरूभित्र आन्तरिक लोकतन्त्र कमजोर, नेतृत्व चयन अपारदर्शी र सत्तामा पुग्नेबित्तिकै जनताका मुद्दा गौण छन् । यही पृष्ठभूमिमा नेपाली काग्रेसभित्र भएको नेतृत्व परिवर्तनलाई सामान्य राजनीतिक घटना ठान्न मिल्दैन।यो परिवर्तनले यदि तल्लो तह सङ्गठित भए दलभित्र पनि लोकतान्त्रिक हस्तक्षेप सम्भव छ भन्ने पुष्टि गरेको छ।*

नेपाल आम निर्वाचनको सँघारमा उभिएको छ । जेनजी आन्दोलने दिएको राजनीतिक झट्कापछि करिब ४० दिनमै हुने यो चुनाव केवल सत्ता परिवर्तनको प्रक्रिया होइन, नेपाली लोकतन्त्र कुन दिशामा अघि बढ्छ भन्ने ऐतिहासिक निर्णय हो । नेपालले तीन दशकभन्दा बढी समयदेखि बहुदलीय लोकतन्त्रको अभ्यास गर्दै आएको छ । तर यथार्थ के हो भने, लोकतन्त्र दलको झन्डामै सीमित रहँदै आएको छ । दलहरूभित्र आन्तरिक लोकतन्त्र कमजोर, नेतृत्व चयन अपारदर्शी र सत्तामा पुग्नेबित्तिकै जनताका मुद्दा गौण छन् । यही पृष्ठभूमिमा नेपाली कांग्रेसभित्र भएको नेतृत्व परिवर्तनलाई सामान्य राजनीतिक घटना ठान्न मिल्दैन। पार्टीको विधान अनुसार ५० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूको मागमा बोलाइएको विशेष महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित हुनु र पाँच पटक प्रधानमन्त्री भइसकेका शेरबहादुर देउवालाई पराजित गर्नु नेपाली राजनीतिमा दुर्लभ घटना हो । यो परिवर्तनले यदि तल्लो तह सङ्गठित भए दलभित्र पनि लोकतान्त्रिक हस्तक्षेप सम्भव छ भन्ने पुष्टि गरेको छ। गगन थापा र विश्वप्रकाश शर्मा जस्ता नेताहरूको उदयले कांग्रेस मात्र होइन, समग्र राजनीतिमा नयाँ पुस्ताको आकाङ्क्षा प्रतिनिधित्व गर्छ । ओली नेतृत्वको नेकपा एमालेमा आन्तरिक लोकतन्त्र ठप्प जस्तै देखिन्छ । सामाजिक सञ्जाल प्रतिबन्धपछि शुरु भएको जेनजी आन्दोलनमा ७६ युवाको ज्यान गएको घटनाको नैतिक जिम्मेवारी लिनु त परै जाओस्, ओलीले परिवर्तनको लहरलाई नै अस्वीकार गरे । यस्तै, पुष्पकमल दाहाल 'प्रचण्ड'को राजनीति पनि विचारभन्दा सत्ताकेन्द्रित सम्झौतामा अल्झिएको छ । सत्ता जोगाउन विचार त्यागने र अवसर अनुसार गठबन्धन बदल्ने प्रवृत्ति अझै कायम छ । यही परिवेशमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगरका मेयर बालेन शाह जस्ता पात्रहरूले राजनीतिक बहसलाई नयाँ दिशातर्फ मोडेका छन् । झापा-५ बाट ओलीलाई चुनौती दिने बालेन शाहको कदम सजिलो छैन, तर यसले 'अजेय' मानिएका नेताहरू पनि चुनौतीबाट मुक्त छैनन् भन्ने सन्देश दिएको छ । गगन थापा, रवि लामिछाने र बालेन शाह– तीनै फरक दल र पृष्ठभूमिका भए पनि एउटै पुस्ताको आवाज हुन् । उनीहरूले भ्रष्टाचार, सत्ताको दुरुपयोग र अलोकतान्त्रिक अभ्यासलाई सार्वजनिक रूपमा चुनौती दिएका छन्। तर समस्या यहीं छह यी पात्र बीच हुने आपसी आलोचना र व्यक्तिगत आक्रमणले अन्ततः कसलाई फाइदा पुगेको छ ? उत्तर स्पष्ट छ– देउवा, ओली र प्रचण्डलाई । यी तीनै नेता आपसमा जति लडे जस्तो देखिए पनि, व्यवहारमा उनीहरूले एक-अर्कालाई बचाउने संरचना बनाएका छन् । ठूला भ्रष्टाचार प्रकरण, सत्ता दुरुपयोग र नीतिगत असफलताबाट जोगिन उनीहरू बीच मौन समझदारी देखिन्छ। आवश्यक परे ठूला दलको गठबन्धन बनाएर प्रधानमन्त्री बन्ने बाटो उनीहरूका लागि सधैं खुला छ । जब सुधारवादी नेताहरू आपसमा भिड्छन्, तब भ्रष्टहरू सुरक्षित हुन्छन् । लोकतन्त्रमा सत्ता र शक्ति नै प्रमुख हो र यो प्राप्त गरेपछि देश अनि जनताका चाहना विपरीत मनपरी भ्रष्टाचार गर्ने 'लाइसेन्स' प्राप्त हुन्छ भन्ने मान्यताले चलिरहेको नेपालको अभ्यासमा लोकतन्त्रको बलियो जग बसाउन तथा दलतन्त्रको गढ भत्काउन एउटा उपाय बन्न सक्छ– रणनीतिक मतदान (ट्याक्टिकल भोटिङ) ।

**के हो ट्याक्टिकल मतदान ?**

ट्याक्टिकल मतदान भन्नाले मतदाताले आफूलाई सबैभन्दा मन पर्ने दल वा उम्मेदवारलाई होइन, आफूलाई मन नपरेको परिणाम रोक्न सबैभन्दा सक्षम विकल्पलाई मत दिनु हो । यो विशेषगरी प्रत्यक्ष निर्वाचन प्रणाली 'फर्स्ट-पास्ट-द-पोस्ट' प्रति मतदाताले देखाएको व्यावहारिक प्रतिक्रिया हो । ट्याक्टिकल मतदान लोकतन्त्रको विकृति होइन, राजनीतिक सचेतनाको सङ्केत हो–जहाँ मतदाताले परिस्थितिको मूल्याङ्कन गरी उपलब्ध नियमभित्र रणनीतिक निर्णय लिन्छन् । यो वैध भए पनि, यसले लोकतन्त्रमा विकल्प सीमित भएको सन्देश दिन्छ । यसले मतदाताको गल्ती होइन, तर उनीहरूलाई यस्तो निर्णय गर्न बाध्य बनाउने प्रणालीमाथि गम्भीर प्रश्न भने उठाउँछ । फ्रान्स, मलेसिया, ब्राजिल र चिली जस्ता देशहरूमा सुधारवादी शक्तिहरूले अस्थायी तर रणनीतिक गठबन्धन बनाएर दीर्घकालीन सत्तामा बसेका भ्रष्ट शक्तिलाई चुनौती दिएका उदाहरण छन् ।

**रणनीतिक मतदान बेलायतको पाठ**

रणनीतिक मतदान लोकतन्त्र जोगाउने शक्तिशाली औजार हो । यसको उत्कृष्ट उदाहरण बेलायत हो । बेलायतमा लेबर पार्टी, लिबरल डेमोक्रेट्स र ग्रिन पार्टी बीच औपचारिक गठबन्धन नभए पनि धेरै निर्वाचन क्षेत्रमा मतदाताले 'कसले कन्जरभेटिभलाई हराउन सक्छ ?' भन्ने प्रश्नलाई प्राथमिकता दिएका थिए । दुई वर्षअघि बेलायतमा भएको चुनावमा करिब १९ प्रतिशत मतदाताले आफूले मन पराएको दल जिताउन होइन, अर्को दललाई रोक्न मतदान गरेको देखिन्छ। लेबर समर्थकले लिब डेम उम्मेदवारलाई र ग्रिन समर्थकले लेबरलाई मतदान गरेका उदाहरण प्रशस्तै छन् । यस्तो मतदानलाई सहज गर्न सम्बन्धित दलहरूले वेबसाइट र एपहरू बनाएर मतदातालाई जोड्ने र मत साटासाट गराएको देखिन्छ । नेपालमा यसरी अनलाइन गतिविधि चुनौतीपूर्ण देखिए पनि दलहरूले संयन्त्र बनाएर आन्तरिक सूचना मार्फत यसो गर्न सक्ने देखिन्छ । यसलाई उदाहरणको रूपमा यसरी लिन सकिन्छ: बालेन शाहलाई कांग्रेसले झापा-५ मा मत हाल्ने र सर्लाही-४ मा रास्वपाले गगनलाई मतदान गर्ने। यसमा सहभागी क्षेत्रका निष्क्रिय बनाइएका उम्मेदवारहरूलाई राष्ट्रिय सभा वा अन्य स्थानमा अवसरको सुनिश्चितता गरिदिने।

**नेपालमा रणनीतिक मतदान किन जरूरी छ ?**

नेपालमा एउटै भ्रष्ट उम्मेदवार विरुद्ध तीन-चार आशालाग्दा सुधारवादी उम्मेदवार उठेर एक-अर्काको मत काटाकाट गर्दा अन्ततः सधैं जितिरहने भ्रष्ट नेता नै सफल हुन्छन् । दम्भ र अहङ्कार भरिएका ओली र सत्ताका लागि जेसुकै गर्ने प्रचण्ड बीच कम्युनिस्ट एकताका नाममा चुनावको १-२ साताअघि गठबन्धन बन्न सक्ने प्रबल सम्भावना छ । एमालेमा भएको आन्तरिक कारबाही र अन्य चुनौतीका कारण उनीहरू रातारात अघोषित रणनीति ल्याउन सक्छन् । एक पटक केपी ओलीले अत्यधिक बहुमतको सरकारलाई नै निष्प्रभावी बनाइसकेको अवस्थामा फेरि प्रचण्ड र ओलीलाई सत्तामा पुऱ्याउने त्यो रणनीति देशका लागि प्रत्युत्पादक बन्न सक्छ ।

**रणनीतिक सहकार्यको आवश्यकता :** ७६ जना 'जेनजी' हत्याका प्रमुख दोषीहरूलाई छानबिन समितिको म्याद थपको नाममा उम्काउने प्रपञ्च भइरहेको छ । यिनीहरू नै सत्तामा पुगे फेरि जेल जान नपर्ने मान्छे जेल जाने र जेल जानुपर्ने मान्छे सरकारमा पुग्ने देखिन्छ। अदालत र प्रशासन मूकदर्शक बनेपछि अब जनताले नै मत मार्फत हत्याराहरूलाई पराजित गरेर पहिलो कारबाही गर्ने र आफूले चाहेको व्यक्तिलाई सरकारमा ल्याएर कानूनी कारबाही गर्ने मार्ग सिर्जना गर्ने गतिलो अवसर छ । जेनजी युवाका दोषी, गिरीबन्धु र भुटानी शरणार्थी काण्डका दोषीलाई जेल हाल्न रवि, बालेन र गगन बीच तालमेलको गज्जब अवसर आएको छ। भ्रष्ट समूह र तिनका मतियार जहाँ-जहाँ छन्, छानी-छानी दण्ड दिने अवसर जनतालाई आएको छ । रवि र गगनलाई भिडाएर सत्तामा लुट मच्चाइरहेकाहरूको व्यापार बन्द गर्ने यो उपयुक्त समय हो। उसै पनि यो मिश्रित निर्वाचन प्रणालीमा कसैको स्पष्ट बहुमत आउनेवाला छैन। मिलिजुली सरकार नै बन्नुपर्ने भएपछि चुनावअघि रणनीतिक सहकार्य अब विकल्प होइन, बाध्यता बनेको छ।

ट्याक्टिकल भोटका लागि उच्चस्तरीय संयन्त्र

एक उच्चस्तरीय संयन्त्र बनाएर निम्न अनुसार काम गर्न सकिन्छ:

१. कुन निर्वाचन क्षेत्रमा सहकार्य सम्भव छ भन्ने वस्तुगत मूल्याङ्कन।
२. उम्मेदवारको जित्ने सम्भावना, लोकप्रियता र विश्वसनीयता विश्लेषण।
३. जेनजी आन्दोलन र लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धता परीक्षण।
४. स्थानीय मतदातामा 'आशा' जगाउन सक्ने क्षमता मापन।

रणनीतिक सहकार्यको केन्द्रमा व्यक्ति होइन, मूल्य हुनुपर्छ। साझा मापदण्ड स्पष्ट हुनुपर्छ– भ्रष्टाचारसँग जोडिएका पात्रहरूलाई पराजित गर्ने र 'जेनजी' आन्दोलनका उपलब्धि विरुद्ध उभिएका शक्तिलाई रोक्ने । यी मापदण्ड पूरा गर्ने उम्मेदवार चाहे कांग्रेस, रास्वपा वा अन्य दलका हुन्, सबै पक्षबाट समर्थन पाउन योग्य हुनुपर्छ । रणनीतिक सहकार्यको पहिलो शर्त नै गगन, रवि र बालेन बीच व्यक्तिगत आक्रमण रोक्नु हो । आलोचना नीतिमा केन्द्रित हुनुपर्छ, व्यक्तिमा होइन। एक समय थियो, जब भ्रष्ट नेताहरू सत्ता कब्जा गर्न एकजुट हुन्थे । आज प्रश्न उल्टिएको छ– यदि देउवा, ओली र प्रचण्ड सत्ता जोगाउन समझदारी गर्न सक्छन् भनेह गगन, रवि र बालेन असल उद्देश्यका लागि किन सक्दैन ?

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नै निर्णयमा अघि बढ्दा राम्रो हुनेछ। विवादबाट टाढा रहनु राम्रो। | **तुला** : अपेक्षा धेरै राख्दा मन खिन्न हुन सक्छ आफैमा भरोसा राख्नुहोला। |
| **वृष** : अनावश्यक किनमेल वा मनको उतारचढावले असहजता दिन सक्छ। | **वृश्चिक** : प्रतिस्पर्धामा सफलता देखिन्छ। मेहनतको परिणाम पाईनेछ। |
| **मिथुन** : चिनजानबाट उपयोगी साथ पाईनेछ। लाभ र सहयोगको संकेत देखिन्छ। | **धनु** : पढाइमा ध्यान तान्न सक्छ। भावनामा बग्दा निर्णय कमजोर हुन सक्छ। |
| **कर्कट** : कामकाजमा ध्यान केन्द्रित गर्नु । जिम्मेवारी बहन गर्नेक्षमता रहनेछ। | **मकर** : मन अलि भारी हुन सक्छ आराम आवश्यक छ। निर्णय कमजोर हुन सक्छ। |
| **सिंह** : अधैर्य भएर निर्णय गर्दा फाइदा कम हुन सक्छ विचार पुऱ्याएर काम गर्नुहोला। | **कुम्भ** : सोचेका र आँटेका कुरा पूरा हुनेछन्।सेवाको कामगर्दा सम्मान पाईनेछ। |
| **कन्या** :अकस्मात् तनाव महशुस हुन सक्छ। ठूला निर्णय नगर्नु उपयुक्त हुनेछ। | **मीन** : धन र बोलीमा सन्तुलन राख्नु राम्रो। आम्दानीको स्रोत देखा पर्नेछ । |

# विज्ञान/सूचना प्रविधि

## आईफोन १८ प्रो मा हुँदैछ अहिलेसम्मकै ठूला परिवर्तन



एप्पलले यस वर्ष आफ्नो आईफोन लाइनअपमा धेरै ठुला परिवर्तन गर्ने तयारी गरिरहेको छ। लन्च टाइमलाइनदेखि डिजाइन, क्यामेरा र डिस्प्लेसम्म, कम्पनीले केही यस्ता निर्णयहरू लिन सक्छ जसले आईफोनको भविष्यको दिशा तय गर्नेछ । लिक्सका अनुसार आईफोन १८ सिरिजमा परिवर्तनहरू स्पष्ट देखिनेछन् । यद्यपि, आईफोन १८प्रो र आईफोन १८प्रो म्याक्सको लन्च भने सेप्टेम्बरको आफ्नो नियमित तालिकामा नै हुने मानिएको छ । यस्तोमा सबैभन्दा बढी चर्चा आईफोन १८प्रो को भइरहेको छ, जुन आईफोन १७प्रो को तुलनामा धेरै महत्त्वपूर्ण अपग्रेडका साथ आउन सक्छ। आउनुहोस् जानौं, आईफोन १८प्रो र आईफोन १७प्रो बिच के-के फरक देख्न सकिन्छ ।

**डिजाइनमा के परिवर्तन होला ?**

आईफोन १८प्रो को समग्र डिजाइन धेरै हदसम्म आईफोन १७ प्रो जस्तै रहने अपेक्षा गरिएको छ, तर सबैभन्दा ठुलो परिवर्तन फोनको अगाडि भागमा देख्न सकिन्छ । लिक्सका अनुसार, यसपटक आईफोन १८प्रो बाट 'आई-सेप' कटआउट हट्न सक्छ । यसको सट्टा स्क्रिनको बायाँ छेउमा एउटा सानो 'पन्च-होल' क्यामेरा दिन सकिन्छ । यसको अर्थ एप्पलले पहिलो पटक आईफोन १८प्रो मा 'अन्डर-डिस्प्ले फेस आईडी' टेक्नोलोजी ल्याउन सक्छ । यसलाई 'फुल-स्क्रिन डिजाइन' तर्फको एउटा सानो तर महत्त्वपूर्ण कदम मानिएको छ ।

**नयाँ कलर अप्सनको चर्चा**

रिपोर्टहरूका अनुसार, आईफोन १८प्रो नयाँ र प्रिमियम कलर अप्सनका साथ आउन सक्छ । यसमा बर्गन्डी, पर्पल र ब्राउन जस्ता सेड्स समावेश हुन सक्छन् । उता, आईफोन १७ प्रो मा कस्मिक ओरेन्ज, डिप ब्लु र सिल्भर जस्ता कलर अप्सनहरू पाइन्छन्। अर्थात्, एप्पलले यसपटक प्रो मोडल्सको लुक्स र फिलमा पनि विशेष ध्यान दिन सक्छ ।

**डिस्प्लेमा कति फरक ?**

डिस्प्ले साइजको मामलामा ठुलो परिवर्तनको अपेक्षा छैन। आईफोन १७प्रो मा ६.३ इन्चको 'प्रोमोसन' डिस्प्ले दिइएको छ र यही डिस्प्ले साइज आईफोन १८प्रो मा पनि जारी रहन सक्छ । यद्यपि, डिजाइनमा हुने परिवर्तनका कारण स्क्रिनको अनुभव पहिले भन्दा बढी इमर्सिभ हुन सक्छ ।

**नयाँ प्रोसेसर, बढी पावर**

परफर्मेन्सको कुरा गर्दा आईफोन १८ प्रो ले नयाँ चिपसेट पाउने पूर्ण अपेक्षा छ । आईफोन १७प्रो मा एप्पलको ए १९ प्रो चिप (३एनएम प्रोसेस) दिइएको छ । उता, लिक्सका अनुसार आईफोन १८प्रो मा अर्को पुस्ताको ए २० प्रो चिपसेट पाउन सकिन्छ, जसले पहिले भन्दा राम्रो स्पिड र इफिसिएन्सी प्रदान गर्नेछ ।

**क्यामेरा सेटअपमा के नयाँ ?**

क्यामेरामा एप्पल ठुलो परिवर्तन गर्ने मुडमा देखिएको छैन। आईफोन १८प्रो मा उही ट्रिपल क्यामेरा सेटअप मिल्ने अपेक्षा छ, जसमा ४८ मेगापिक्सेलको मुख्य क्यामेरा, ४८ मेगापिक्सेलको अल्ट्रावाइड क्यामेरा र ४८ मेगापिक्सेलको पेरिस्कोप लेन्स समावेश हुनेछ । अगाडि पट्टि पनि १८ मेगापिक्सेलको 'सेन्टर स्टेज' क्यामेरा दिन सकिन्छ, जुन आईफोन १७ प्रो जस्तै नै हुनेछ ।

*-अनलाइन खबर डटकम*

## अत्यधिक स्क्रिन समयले बालबालिकाको स्वास्थ्यमा असर



बेलायती सरकारले बालबालिकाको सामाजिक सञ्जाल र मोबाइल फोन प्रयोगबारे राष्ट्रव्यापी परामर्श प्रक्रिया शुरू गरेको छ । अत्यधिक स्क्रिन समयका कारण बालबालिकाको मानसिक स्वास्थ्य, शैक्षिक प्रदर्शन र सामाजिक विकासमा नकारात्मक असर परिरहेको भन्दै सरकारले डिजिटल प्रयोग नियमनतर्फ कडा कदम चालेको हो । यो कदमले बालबालिकाका लागि सुरक्षित र सन्तुलित डिजिटल वातावरण निर्माण गर्ने बेलायतको नीतिमा नयाँ चरणको सुरुआत भएको सङ्केत गरेको छ । अभिभावक, शिक्षक, विद्यालय प्रशासन तथा सांसदहरूबाट सामाजिक सञ्जाल र स्मार्टफोनको बढ्दो प्रभाव नियन्त्रण गर्न दबाब बढ्दै गएको सन्दर्भमा सरकार अघि बढेको हो । सरकारका अनुसार यो परामर्शमार्फत अभिभावक, बालबालिका, शिक्षाविद् तथा नागरिक समाजका प्रतिनिधिबाट सुझाव सङ्कलन गरिनेछ । यसले बालबालिकाले प्रविधिसँग स्वस्थ र जिम्मेवार सम्बन्ध विकास गर्न सक्ने उपायहरू पहिचान गर्न सहयोग पुऱ्याउनेछ । परामर्शसँगै सरकारले विद्यालयहरूमा मोबाइल फोन प्रयोगमाथि तत्काल कडाइ गर्ने निर्णय पनि घोषणा गरेको छ । विद्यालय निरीक्षण निकाय अफ्स्टेडलाई अब प्रत्येक विद्यालय निरीक्षणका क्रममा मोबाइल फोन प्रतिबन्ध प्रभावकारी रूपमा लागू भएको छ कि छैन भन्ने अनिवार्य रूपमा जाँच गर्न निर्देशन दिइएको छ । विद्यालयहरूलाई 'पूर्वनिर्धारित रूपमा फोन निषेध' क्षेत्र बनाउने नीति लागू गरिनेछ । सरकारी तथ्याङ्कअनुसार विद्यमान नियमहरू हुँदाहुँदै पनि कक्षाकोठामा मोबाइल फोनको अवैध प्रयोग व्यापक रहेको देखिएको छ । माध्यमिक तहका ५८ प्रतिशत विद्यार्थीले केही कक्षामा अनुमति बिना मोबाइल प्रयोग हुने गरेको बताएका छन् । माथिल्लो कक्षाका विद्यार्थीहरूमा यो प्रतिशत ६५ सम्म पुगेको छ । परामर्श प्रक्रियामा विभिन्न सम्भावित नियामक उपायहरूबारे छलफल गरिनेछ । तीमध्ये डिजिटल सहमतिका लागि न्यूनतम उमेर सीमा बढाउने, सामाजिक सञ्जालमा उमेर प्रमाणीकरण प्रणाली बलियो बनाउने, अत्यधिक मोबाइल प्रयोग रोक्न फोन कर्फ्यु लागू गर्ने तथा 'अनन्त स्क्रोलि' र 'स्ट्रिक' जस्ता लत लाग्ने डिजाइन सुविधामा प्रतिबन्ध लगाउने प्रस्तावहरू समावेश छन् । यसैगरी सरकारले ५ देखि १६ वर्ष उमेर समूहका बालबालिकाका अभिभावकका लागि प्रमाणमा आधारित स्क्रिन-टाइम सम्बन्धी मार्गदर्शन पनि सार्वजनिक गर्ने जनाएको छ । पाँच वर्षमुनिका बालबालिकाका अभिभावकका लागि छुट्टै मार्गदर्शन आगामी अप्रिलमा सार्वजनिक गरिनेछ । यी निर्देशिकाहरूले घरमा डिजिटल उपकरणको प्रयोग सन्तुलित रूपमा व्यवस्थापन गर्न परिवारलाई सहयोग गर्ने उद्देश्य राखेका छन् । विद्यालयसम्बन्धी अद्यावधिक मार्गदर्शनले कक्षा चलिरहेको समयमा मात्र होइन, विश्राम समय र कक्षाबीचको समयमा समेत विद्यार्थीलाई मोबाइल फोन प्रयोग गर्न नदिने कुरा स्पष्ट पार्नेछ । बेलायती सञ्चारमाध्यमहरूका अनुसार बालबालिकाको अनलाइन सुरक्षाबारे कडा कदम चाल्न सबै प्रमुख राजनीतिक दलका सांसदहरूबाट दबाब बढ्दै गएको छ । केही सांसदहरूले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउने प्रस्तावसमेत समर्थन गरेका छन् । बेलायती सरकारले यस परामर्श प्रक्रियाबाट प्राप्त सुझावको आधारमा आगामी गर्मीयाममा आधिकारिक जवाफ सार्वजनिक गर्ने जनाएको छ । यो कदम डिजिटल युगमा बालबालिकाको समग्र कल्याण सुनिश्चित गर्ने दीर्घकालीन रणनीतिको हिस्सा हुने सरकारको भनाइ छ । *-हाम्रा कुरा डटकम*

## एआईको 'पानीको प्यास' जनस्वास्थ्यमा गम्भीर जोखिमको सङ्केत




अहिले 'एआई' (कृत्रिम बुद्धिमत्ता) सँग सबैभन्दा बढी जोडिने शब्द सायद 'बबल' (फोका) हो । तर हामी बिस्तारै बुझ्दैछौं कि यो आर्थिक टाइम बम मात्र होइन, यसले जनस्वास्थ्यमा पनि ठुलो जोखिम बोकेको छ । प्रदूषकहरू बाहिर फाल्ने बाहेक, एआई डाटा सेन्टरहरूलाई चाहिने अथाह सफा पानीले नजिकका समुदायमा सरसफाइको कमी र पेटसम्बन्धी रोगहरू बढाउन सक्छ, जसले स्थानीय स्वास्थ्य पूर्वाधारमा थप भार पार्छ । एआईको ऊर्जा खपत विशाल छ र यो दिनप्रतिदिन पानीमा निर्भर हुँदैछ जेनेरेटिभ एआई त्यस्तो कृत्रिम बुद्धिमत्ता हो जसले नयाँ टेक्स्ट, फोटो, कोड आदि सिर्जना गर्न सक्छ र यसले विश्वभरका धेरै मानिसहरूको जीवनमा प्रवेश गरिसकेको छ । च्याटजीपीटीले मात्र एकै दिनमा करिब एक अर्ब प्रश्नहरू प्राप्त गर्ने गरेको तथ्याङ्क छ, जसले व्यक्तिगत स्तरमा यसको ठुलो मागलाई दर्साउँछ । तर, यो त केवल समस्याको सानो अंश मात्र हो। गुगल, एप्पल र माइक्रोसफ्ट जस्ता कम्पनीहरूले अब आफ्ना मुख्य उत्पादनहरूमा एआई समावेश गर्दैछन् । सर्च इन्जिनका नतिजाहरूमा एआईलाई नयाँ मापदण्ड बनाइँदैछ । अमेजनमा किनमेल गर्दा होस् वा हवाई जहाज र होटेल बुक गर्दा, अब सर्च गर्न एआई प्रयोग भइरहेको छ र यसले धेरै ऊर्जा माग्छ । उदाहरणका लागि, एआईद्वारा सञ्चालित एउटा गुगल सर्चले सामान्य सर्चभन्दा ३० गुणा बढी ऊर्जा खपत गर्ने अनुमान गरिएको छ । यसको समाधानका लागि अहिले उद्योगले ग्राफिक्स प्रोसेसिङ युनिट्स (जीपीयू) प्रयोग गरिरहेको छ । यी चिप्सले धेरै ऊर्जा खपत गर्छन् र तातो पैदा गर्छन् । एआई एल्गोरिदमहरूले गर्ने विशाल र दोहोरिने गणितीय कामहरू गर्न जीपीयूका हजारौं साना कोरहरूले मद्दत गरे पनि, एउटा चिपले ७०० वाटसम्म ऊर्जा प्रयोग गर्न सक्छ । यसको अर्थ, केवल तीनवटा चिपले एउटा घरायसी इलेक्ट्रिक ओभन जति नै ऊर्जा खपत गर्छन् । डाटा सेन्टरहरूबाट निस्कने यो ठुलो मात्राको तातोलाई चिसो बनाउन हरेक दिन लाखौं ग्यालन सफा पानी प्रयोग गरिन्छ । एकै ठाउँमा खात लगाएर राखिएका हजारौं तात्तातो चिप्सलाई सामान्य पङ्खाले चिसो बनाउन सक्दैन । त्यसैले, सिस्टमलाई अत्यधिक तातो हुनबाट जोगाउन चिप्सको बिचमा र वरिपरि पानी पम्प गरिन्छ। बेलायतको 'गभर्नमेन्ट डिजिटल सस्टेनेबिलिटी एलायन्स' को हालैको प्रतिवेदन अनुसार, एआईले सन् २०२७ सम्ममा विश्वव्यापी पानीको खपत १.१ अर्ब क्युबिक मिटरबाट बढाएर ६.६ अर्ब क्युबिक मिटर पुऱ्याउने प्रक्षेपण गरेको छ । केही कम्पनीहरूले कुलिङका लागि समुद्री पानी प्रयोग गर्ने प्रयास गरिरहेका छन्। तर, धेरैजसो सुविधाहरूमा अझै पनि सफा पानी नै व्यापक रूपमा प्रयोग भइरहेको छ । पानी पुन:प्रशोधन अर्को विकल्प हो, तर यो सजिलो छैन । केही कम्पनीहरूले पानीको कुल खपत कम गर्न 'क्लोज्ड-लुप सिस्टम' प्रयोग गर्छन् । यद्यपि, चिसो बनाउने क्रममा जम्मा हुने धुलो र खनिजहरूले समय बित्दै जाँदा पानीको गुणस्तर बिगार्छन्, जसका लागि उपचार वा पानी फेर्नु आवश्यक हुन्छ । एआईले निम्त्याएको पानीको अभावले जनस्वास्थ्यलाई कसरी जोखिममा पार्छ ? जहाँ पहिले नै पानीको अभाव छ, त्यहाँ डाटा सेन्टरहरू राख्दा प्रदूषणको समस्या आउनु अघि नै यसले स्वास्थ्य सेवामा बोझ थप्छ । सन् २०२३ मा माइक्रोसफ्टले आफ्नो ४१ प्रतिशत पानी पानीको अभाव भएको क्षेत्रबाट लिएको बताएको थियो । अर्कोतर्फ, गुगलले आफ्नो १५ प्रतिशत पानीको खपत उच्च पानी अभाव भएका क्षेत्रहरूमा भएको बतायो । अमेजनले भने यस्तै तुलनात्मक तथ्याङ्क सार्वजनिक गरेको छैन । पानीको अभावले सङ्क्रमण, कुपोषण र सरसफाइमा कमी ल्याउँछ भन्ने कुरा पुष्टि भइसकेको छ । धेरैजसो अध्ययनहरू पहिले नै गरिब रहेका क्षेत्रहरूमा केन्द्रित भए पनि, धेरै अवस्थामा डाटा सेन्टरहरू निर्माण गर्ने योजना पनि यस्तै ठाउँहरूमा बनाइन्छ । स्थानीय जनसङ्ख्याका लागि सफा पानी कम हुँदा घरपरिवारले हात धुनु, खाना धुनु वा नुहाउनु भन्दा पिउन र खाना पकाउनलाई प्राथमिकता दिन बाध्य हुन्छन् । स्वाभाविक रूपमा, यसले बस्ने ठाउँको सरसफाइका लागि कम पानी उपलब्ध गराउँछ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले असुरक्षित पिउने पानी तथा कमजोर सरसफाइ र स्वच्छताले हैजा र अन्य झाडापखालाजन्य रोगहरूका साथै विभिन्न किसिमका कीटाणुहरू फैलाउन मद्दत गर्छ भन्ने कुरा स्वीकार गरेको छ। अझ खराब कुरा त के हो भने, पानीको अभावसँग सम्बन्धित धेरै रोगहरू एक व्यक्तिबाट अर्कोमा सर्छन्, जसले स्थानीय स्तरमा सङ्क्रमण फैलने जोखिम बढाउँछ । बालबालिकामा पर्ने स्वास्थ्यको असर विशेष गरी चिन्ताजनक छ, किनकि वयस्कोंको तुलनामा उनीहरूमा सङ्क्रमण र मृत्युको दर बढी हुन्छ । वास्तवमा, झाडापखाला रोगको विश्वव्यापी भारको ८४ प्रतिशत ५ वर्ष मुनिका बालबालिकाले भोग्छन्, र झाडापखालाका कीटाणुहरूको सङ्क्रमणले पछिल्लो बाल्यकालमा मानसिक विकासमा असर पार्नेसँग जोडिएको छ । एआई डाटा सेन्टर र पानीजन्य रोगहरू बिच सीधा कारण र असरको सम्बन्ध देखाउन अहिले नै हतार हुन सक्छ, तर थाहा भएका तथ्यहरूले यसलाई गम्भीर चिन्ताको विषय बनाएका छन् । एआई डाटा सेन्टरहरूले स्थानीय पानीको आपूर्तिलाई उल्लेख्य रूपमा रित्याउन सक्छन् भन्ने चाहिँ स्थापित भइसकेको छ । यो पनि स्थापित छ कि पानीको पहुँच कम भएका समुदायहरूले पेटसम्बन्धी रोग र अन्य बिरामीहरूको उच्च जोखिम सामना गर्छन् । एआई डाटा सेन्टरहरूले सिधै पेटका रोगहरू निम्त्याउँदैछन् भन्नु अपुरो हुन सक्छ । तर, चेतावनीका संकेतहरूलाई बेवास्ता गर्न गाह्रो हुँदै गइरहेको छ । जब जोखिमहरू पूर्वानुमान गर्न सकिने र गम्भीर हुन्छन्, सरकारहरूले रोकथामका नीतिहरू लागू गर्न मानिसहरू मर्न थाल्ने समय कुर्नु हुँदैन । सीमान्तकृत समुदायहरूले प्रदूषित पानीको गुनासो गरिरहेका छन् संयुक्त राज्य अमेरिकाको जर्जियास्थित न्युटन काउन्टीमा मेटाले एआई डाटा सेन्टर बनाएको छ, र त्यहाँका बासिन्दाहरूले आफ्नो धाराबाट लेदो भरिएको धमिलो पानी आएको गुनासो गरेका छन्, जसलाई उनीहरूले सोही फ्यासिलिटीसँग जोडेका छन् । त्यसैगरी, फायेट काउन्टीमा पनि बासिन्दाहरूले पानीमा लेदो देखिएको बताएका छन्, जुन उनीहरूको विश्वासमा नजिकैको डाटा सेन्टर निर्माणसँग मेल खान्छ। क्यालिफोर्नियाको अर्को रिपोर्टले सान फ्रान्सिस्को खाडीको 'बेभ्यु-हन्टर्स पोइन्ट' मा योजना गरिएको डाटा सेन्टरले पहिले नै प्रदूषित समुदायमा वातावरणीय बोझ थप्ने चिन्ता बढाएको छ । यी सबै घटनाहरूमा, स्थानीय जनसंख्यामा अश्वेत र अफ्रिकी अमेरिकीहरूको उल्लेख्य उपस्थिति छ, जसले 'वातावरणीय न्याय' को प्रश्न खडा गरेको छ । पानीमा जम्मा भएको फोहोरले मानिसमा पेटको तीव्र रोगदेखि क्यान्सर जस्ता दीर्घकालीन समस्याहरू निम्त्याउन सक्छ ।

माइक्रोबियल प्रदूषणले विषाक्तता र तत्काल रोग निम्त्याउन सक्छ, जबकि रासायनिक अवशेषहरू दीर्घकालीन हानीसँग सम्बन्धित हुन्छन्, जसले अक्सर सुस्त र अदृश्य खतराको रूपमा काम गर्छन् । नाइजेरिया, इजिप्ट र दक्षिण अफ्रिका जस्ता अफ्रिकी देशहरूमा डाटा सेन्टर खोल्ने योजनाहरूसँगै, यसको वातावरणीय प्रभाव कसले भोग्ने र प्रभावित समुदायले पर्याप्त सुरक्षा वा सहयोग पाउनेछन् कि छैनन् भन्ने थप प्रश्नहरू उठेका छन् । यी मध्ये केही देशहरूमा कमजोर नियमनले गर्दा यो अनिश्चित छ । धेरै अवस्थामा, समुदायमा पर्ने गम्भीर असरहरू रिपोर्ट नै नहुन पनि सक्छन् ।

**कर्पोरेट वाचाहरू र नियमन किन महत्त्वपूर्ण छन् ?**

पृथ्वीको कुल पानीमध्ये केवल ०.५ प्रतिशत मात्र ताजा पानी हो। डाटा सेन्टरहरूलाई मात्र होइन, तिनलाई चलाउन बिजुली उत्पादन गर्ने पावर प्लान्टहरूलाई पनि पानी चाहिन्छ। चिप्स र तारहरूको निर्माणमा पनि पानीको आवश्यकता पर्छ, जसले पानीको प्रयोगलाई केवल डाटा सेन्टरको समस्या मात्र नभई एआईको आपूर्ति शृङ्खलाको मुद्दा बनाउँछ । धेरै कम्पनीहरूले दिगोपनको वाचा गरिरहेका छन्, केहीले त आफूलाई 'नेट वाटर प्रोड्युसर' वा 'वाटर पोजिटिभ' बन्ने लक्ष्य राखेको दाबी पनि गर्छन् । यदि यस्ता लक्ष्यहरू हासिल भए पनि (जुन शङ्कास्पद नै छ), तिनले ती समुदायहरूलाई फाइदा पुऱ्याउनुपर्छ जहाँबाट पानी निकालिएको छ । न्युटन काउन्टी जस्ता ठाउँहरूमा आपूर्ति रित्याएर सम्पन्न क्षेत्रहरूमा थप पानी उपलब्ध गराउँदा कर्पोरेट लेखा मापदण्डहरू त पूरा हुन सक्लान्, तर स्थानीय बासिन्दाहरूले यसको परिणाम भोगिरहनुपर्नेछ । जनताप्रतिको आफ्नो नैतिक दायित्व पूरा गर्न, सरकारहरूले एआई विस्तार र डाटा सेन्टर निर्माणको गतिसँगै कदम चाल्नुपर्छ । स्वस्थ जनसङ्ख्या नै उत्पादक हुन्छ, र जनस्वास्थ्यको बोझ कम हुँदा सरकारी खर्च घट्छ साथै विकासमा सहयोग पुग्छ। अझ आधारभूत रूपमा भन्दा, पानीको सुरक्षा गरेर र वातावरणीय महाविपत्ति टारेर आउने पुस्ताका लागि दिगो भविष्य निर्माण गर्नु हाम्रो सामूहिक नैतिक दायित्व हो । यसको सुरुवात पानीको प्रयोगबारे पारदर्शी कर्पोरेट रिपोर्टिङ अनिवार्य गर्ने र दिगो व्यवस्थापनका लागि अर्थपूर्ण मापदण्डहरू लागू गर्ने कानुनबाट हुनुपर्छ । नियमनले छोटो अवधिको दोहनकारी प्राविधिक विकासभन्दा मानव कल्याणलाई प्राथमिकता दिनुपर्छ । जलवायु परिवर्तन जस्तै, अनियन्त्रित आविष्कारले मानिस र ग्रह दुवैलाई थप हानी पुऱ्याउने जोखिम हुन्छ ।

*-रातोपाटी डटकम*

# अमरनारायण फूलबारीमा वडास्तरीय ब्याडमिन्टन




**पाल्पा,** माघ १२/जिल्लाको सदरमुकाम तानसेनस्थित अमरनारायण फूलबारीमा वडास्तरीय ब्याडमिन्टन रनिङ्ग शिल्ड प्रतियोगिता भएको छ । नारायण यूवा क्लवले हरेक वर्ष जस्तै यस वर्ष पनि तानसेन नगरपालिकाका सबै वडालाई समेटेर वडास्तरीय ब्याडमिन्टन प्रतियोगिता आयोजना गरेको हो ।

प्रतियोगितामा तानसेन नगरपालिका वडा नं. २ का महेशमान बज्राचार्य र एबिन श्रेष्ठको समूह प्रथम भएको छ । वडा नं. ४ का कमल पल्ली र बृजेश सारुको समूह द्धितिय र वडा नं. ७ र ३ को समूह तृतिय भएको क्लवले जनाएको छ । कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले स्वास्थ्य र राष्ट्रका लागि खेल महत्वपूर्ण रहेको बताए । उनले क्लवले गरेका हरेक कार्यहरु प्रशंसा गर्न लायक रहेको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह । नगर प्रमुख श्रेष्ठले खेल क्षेत्रको विकासका लागि नगर सरकारले विशेष प्राथमिकतामा राखेर काम गर्दै आएको र त्यसमा क्लवले सक्रियता देखाएकोमा खुसी व्यक्त गरे । नगर प्रमुख श्रेष्ठले सेलाउदै गएको तानसेनको खेल क्षेत्रको गतिविधिलाई आफुहरु निर्वाचित भएर आइसकेपछि चलायमान बनाइएको दावी गरे । क्लवका संस्थापक अध्यक्ष तथा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले २०५४ सालमा फुटवल खेल्नका लागि शुरु गरेको यूवाको जमात आज जिल्लाभर नै आफ्नो नाम राख्नका लागि सफल भएको बताए । प्रतियोगिताले अब्बल खेलाडी उत्पादनसँगै जिल्लाको खेलकूद विकासमा महत्वपूर्ण टेवा पुग्नेमा उनले जोड दिए । सभापति श्रेष्ठले समाजमा अहिले केही भएन, केही भएन भन्ने भाष्य निर्माण भइरहेकाले त्यसलाई चिर्न सबैले सकारात्मक सोंच राखेर अगाडि बढ्न आवश्यक रहेको औल्याए । उनले भने "यहाँ खेल, पर्यटन र कृषिको प्रचुर सम्भावना छ, यी कुराहरुको सही उपयोग गर्न सकियो भने स्वदेशमै प्रसस्त आम्दानी गर्न सकिन्छ ।" सभापति श्रेष्ठले अब यो देश बनाउने जिम्मेवारी नेपाली काँग्रेसको काँधमा आएकाले सबै सकारात्मक सोंचका साथ एकताबद्व भएर लाग्नुपर्ने बेला आएको धारणा व्यक्त गरे । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख दिपेन्द्र पञ्जीयार थारु, लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्य राजु मर्हजन, अमरनारायण गुठी व्यवस्थापन समितिका अध्यक्ष युवराज पौडेल, वडा नं. २ का अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठ लगाएतले आ-आफ्ना धारणा राखेका थिए । प्रतियोगिताको सम्पूर्ण व्यवस्थापन अमरनारायण कर्भडहलका अध्यक्ष एवं क्लवका पूर्व अध्यक्ष किशोर दर्शन बज्राचार्यले गरेका थिए । क्लवका अध्यक्ष विनायक मर्हजनको अध्यक्षता, उपाध्यक्ष सुनिल बुद्धाचार्यको स्वागत, सह-सचिव विनोद भारतीको सञ्चालनमा प्रतियोगिता भएको थियो ।

## नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक तानसेन-५ हाल तानसेन-३ निवासी कृष्णदेवी प्रधान श्रेष्ठले आफ्नो फुपुसासु सुद्धिमाया राय चौधरीको मिति २०७८/०५/१६ मा मृत्यु भएको, निजको पति प्रतिश कृष्ण चौधरीको समेत २०३६ सालमा मृत्यु भएको, निज दम्पती नि:सन्तान रहेका सुद्धिमाया राय चौधरीका बाबु वृजमान नकर्मीको २०४४/१०/१९ र आमा विष्णुमाया नकर्मीको २०२८/०३/१२ मा मृत्यु भएको, निज दम्पतीका जेठो छोरा विजुली कुमारको २०६१/११/२७ र निजको १ मात्र पत्नी सिता कुमारीको २०४६/०२/१० मा मृत्यु भएको, माइलो छोरा कृष्णमानको २०६०/१२/२६ मा र निजको १ मात्र पत्नी निलमदेवीको २०६५/०२/०३ मा मृत्यु भएको, कान्छो छोरा राममानको २०५९/०८/१० मा मृत्यु भएको, निजको १ मात्र पत्नी केशरी कुमारी जिवित रहेको, निज कार्यालयमा स्वयम् उपस्थित भई बुहारी कृष्ण देवी प्रधान श्रेष्ठलाई मोही नामसारी गर्न मन्जुरी गरेको, कान्छो छोरा राममानको जेठो छोरा निर्जय कुमारलाई सा.बर्तुङ्ग ४ को कि.नं. ३६१ को जग्गा र.नं.४२/२०७६/०९/१७ मार्फत शे.व. गरिदिएकोमा निज निर्जय कुमारको २०७८/०५/१४ मा मृत्यु भएको, निजको १ मात्र पत्नी कृष्ण देवी प्रधान श्रेष्ठ रहेको, जध अमरनारायण गुठी मोही सुद्धिमाया राय चौधरीको नाममा रहेको सा. बर्तुङ्ग ४ कि.न. ३६१, ३६२ का जग्गाहरु हाल आफुले नै हकभोग गरिरहेको, निज मोही सुद्धिमायाको पालताल, काजक्रिया, दानपूण्य खर्च समेत आफुले गरेकाले उक्त जग्गाहरु आफ्ना नाममा मोही नामसारी गरीपाउँ भनी निवेदन गरेको सम्बन्धमा, उक्त कि.नं. का जग्गाहरुमा निवेदकको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. का जग्गाहरु मोहीले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् कि छैनन् ? मोही दम्पतीको मृत्यु भएको हो वा होइन ? निज मोही दम्पती नि:सन्तान रहेको व्यहोरा साँचो हो वा होइन ? मोहीका बाबु आमा, जेठो दाजु भाउजु, माइलो दाजु भाउजु, कान्छो दाजु तथा २ दिदीहरुको मृत्यु भएको हो वा होइन ? निज मोहीका अविवाहित दिदीबहिनी तथा दाजुभाईहरु छन् छैनन् ? कान्छो दाजु भाउजुका जेठो छोरा निर्जय कुमारलाई कि.नं. ३६१ शे.व. गरिदिएको व्यहोरा साँचो हो वा होइन। निज मोहरीको पालताल, काजक्रिया, दानपूण्य खर्च कसले गरेका हुन् ? निज निवेदक कृष्ण देवी प्रधान श्रेष्ठले गरेकी हुन कि होइनन् ? मोही सुद्धिमाया राय चौधरीको शेषपछिका हकवाला के कति छन् ? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ? ज.ध. अमरनारायण गुठी मोही सुद्धिमाया राय चौधरीको नाममा रहेका उल्लेखित जग्गाहरु पालताल गर्ने हकवाला भदाहा बुहारी कृष्णदेवी प्रधान श्रेष्ठका नाममा मोही नामसारी गर्न मिल्छ कि मिल्दैन ? ज.ध. अमरनारायण गुठी मोही सुद्धिमाया राय चौधरीको नाममा रहेका उल्लेखित जग्गाहरु भदाहा बुहारी कृष्णदेवी प्रधान श्रेष्ठका नाममा मोही नामसारी गरिदिंदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? निवेदन मागदावी बमोजिम गरिदिंदा कसैको हकदैयामा असर पर्ने, मोही नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम निवेदकका नाममा मोही नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

**इति सम्वत २०८२ साल माघ १३ गते रोज ३ शुभम् ।**

खेलकुद समाचार

# स्कटल्यान्डसँग हारेसँगै नेपाल समूह चरणबाटै बाहिरियो



**काठमाडौँ,** माघ १२/आईसीसी महिला टी-२० विश्वकप क्रिकेटको ग्लोबल छनोटमा नेपाल समूह चरणबाटै बाहिरिएको छ । सोमबार भएको खेलमा नेपाल स्कटल्यान्डसँग ७२ रनले पराजित भएको हो । स्कटल्यान्डले दिएको १ सय ४१ रनको लक्ष्य पछ्याएको नेपाल १३ ओभर ५ बलमा ६८ रनमा अलआउट भयो । नेपालकी विन्दु रावल र रोमा थापाले अविजित १४ रन बनाए । स्कटल्यान्डकी अबतहा मकसूदले ३ विकेट लिइन् । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङ गरेको स्कटल्यान्डले १ सय ४० रन बनाउँदै अलआउट भयो । स्कटल्यान्डकी प्रियनाज चटर्जीले अविजित ४५ रन बनाइन् । नेपालकी मनिषा उमाध्यायले ४ र रुविना क्षेत्रीले ३ विकेट लिइन् । योसँगै नेपालको सुपर सिक्समा पुग्ने सम्भावना सकिएको छ । स्कटल्यान्डले भने सुपर सिक्समा स्थान बनाएको छ । यसैबीच आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको सुपर सिक्स पुग्ने ६ वटै टोलीको टुङ्गो लागेको छ । सोमबारको नतिजासँगै समूह 'बी' बाट स्कटल्यान्ड, नेदरल्यान्ड्स र थाइल्यान्ड सुपर सिक्समा पुगेका छन् । समूह 'ए' मा पपुवा न्यु गिनीलाई ५ विकेटले हराएपछि अमेरिका पनि सुपर सिक्समा पुगेको छ । समूह 'ए' बाट बङ्गलादेशसँगै आयरल्याण्ड र अमेरिका सुपर सिक्समा पुगेको हो । 'सुपर-सिक्स' बाट शीर्ष चार वटा टोली यही जुनमा इङ्ल्यान्ड र वेल्समा हुने महिला टी-२० विश्वकपमा छनोट हुनेछन् ।

अर्थ/कर्पोरेट समाचार

# सुनको भाउ हालसम्मकै उच्च : तोलाकै ३ लाख ९ हजार पुग्यो



**पाल्पा,** माघ १२/नेपाली बजारमा सुनको मूल्य बढ्ने क्रम जारी छ । अघिल्लो कारोबार दिन आइतबार २ हजार ४ सय रुपैयाँले बढेको सुन सोमबार प्रतितोलामा ५ हजार २ सय रुपैयाँले बढेर ऐतिहासिक रेकर्ड कायम गरेको हो ।

नेपाल सुन- चाँदी व्यवसायी महासंघका अनुसार सोमबार मूल्य बढेसँगै प्रतितोला सुनको मूल्य ३ लाख ९ हजार कायम भएको छ । अघिल्लो दिन आइतबार एक तोला सुनको मूल्य ३ लाख ३ हजार ८ सय पुगेको थियो । यस्तै, सुनको मूल्य बढेसँगै चाँदीको भाउ पनि आकासिएको छ । महासंघका अनुसार यसदिन प्रतितोला चाँदीको मूल्य ६ हजार ७ सय ६५ रुपैयाँ पुगेको छ । यो हालसम्मकै उच्च मूल्य हो । आइतबार सोही परिमाणको चाँदी ६ हजार ४ सय ८० रुपैयाँमा खरिदबिक्री भएको थियो । अन्तर्राष्ट्रिय बजारमा पनि सुनको मूल्यले ऐतिहासिक किर्तीमान कायम गरेको छ । पहिलो पटक सुनको मूल्य प्रति औंस ५ हजार डलर नाघेको हो । सन् २०२५ को तुलनामा सुनको मूल्य ६० प्रतिशतले वृद्धि भएको छ । ग्रीनल्यान्डलाई लिएर अमेरिका र नाटोबीचको तनाव र विश्वव्यापी वित्तीय र भूराजनीतिक अनिश्चितताका कारण सुनको मूल्य वृद्धि हुन पुगेको हो । अमेरिकि राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीतिका बजारलाई चिन्तित बनाएको छ । शनिबार ट्रम्पले क्यानडाले चीनसँग सम्झौता गरेमा १०० प्रतिशत भन्सार कर बढाउने चेतावनी दिएका छन् ।

सुन र अन्य बहुमुल्य धातुहरूलाई सुरक्षित लगानीको रूपमा लिइने भएकाले अनिश्चितकालीन समयमा लगानीकर्ताहरू सुनतर्फ आकर्षित भएका हुन् । बहुमुल्य धातुको मूल्य बढ्नुका कारण उच्च मुद्रास्फीति, कमजोर अमेरिकी डलर, विश्वका केन्द्रीय बैंकहरूले खरिद गर्न थालेको र अमेरिकि केन्द्रिय बैंकले यस वर्ष ब्याजदर कटौती गर्ने आशंका छ । युक्रेन-गाजामा जारी युद्व, अमेरिकाले भेनेजुयलाको राष्ट्रपति निकोलस मादुरोलाई नियन्त्रणमा लिएका घटनाले पनि सुनको मूल्य वृद्धि हुन मदत पुगेको छ ।

## तानसेन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### तानसेन, पाल्पा
### लुम्बिनी प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

यस तानसेन नगरपालिका वडा नं १३ र १४ अन्तर्गत कालिगण्डकी करिडोर सडकको दायाँ-वाँया आसपासका विभिन्न स्थानमा नदीजन्य पदार्थ (गिटी बालुवा) एवम ग्रावेल थुपारी रहको अवस्थामा देखिएकोले उक्त क्षेत्रमा हाल थुपारिएको अवस्थामा रहेको नदीजन्य पदार्थहरु एवम खानीजन्य (ग्रावेल) कानून बमोजिम यदी कुनै व्यक्ति वा संस्थाको भएको सो सम्बन्धी दाबी प्रमाण पुग्ने कागजात सहित २०८२/१०/१५ गते भित्र ता.न.पा.मा उपस्थित हुन यो सूचना जारी गरिएको छ अन्यथा उक्त नदीजन्य पदार्थहरु नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम गरिने समेत सबैमा जानकारी गराईन्छ ।

साथै नगरपालिकाको अनुमती बिना कसैले नदीजन्य पदार्थ वा अन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता स्थानीय निर्माण सामग्रीहरु अनधिकृत रुपमा उत्खनन्, संकलन वा विकी वितरण गर्ने गराउने कार्य नगर्ने नगराउनु हुन यसै सूचनामार्फत सबैमा अनुरोध गरिन्छ । यदि यो सूचनाको उल्लघन गरी कसैले त्यस्तो कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत सबैमा जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई